सम्वत् २०८० साल पुस २५ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सभाको चालु चौथो अधिवेशन मिति २०८०।०९।२५ गते बुधवार रातको १२:०० बजेवाट अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय दलित आयोगको तेस्रो बार्षिक प्रतिवेदन आ.व. २०७९/०८० प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः कोशी प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी विधेयकको मस्यौदा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

४. स्वास्थ्य मन्त्रालयः प्रस्तावसाथ संलग्न अनुसूची-१ बमोजिमका १३ (तेह्र) जना स्वास्थ्यकर्मीहरुको कोशी प्रदेशमा समायोजन लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने र समायोजन भए पश्चात कोशी प्रदेश सरकारले व्यवस्थापन गर्ने।

## सम्वत् २०८० साल पुस ११ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय समावेशी आयोगको पाँचौ बार्षिक प्रतिवेदन आ.व. २०७९/०८० प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सरकार, कोशी प्रदेशबाट आर्थिक बर्ष २०७९/०८० मा शासकीय सुधार र सुशासन सम्बन्धमा भए गरेका उल्लेखनीय प्रगति लगाएतका विषय समावेश गरी बनाईएको बार्षिक प्रतिवेदन, २०७९/०८० स्वीकृत गरी प्रदेश सभामा पेश गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

४. स्वास्थ्य मन्त्रालयः शैलजा आचार्य हृदयरोग केन्द्र सञ्चालन कार्यविधी, २०८० स्वीकृत गर्ने।

५. सामाजिक विकास मन्त्रालयः हाल नेपाल सरकार मातहत रहेको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् प्रदेश कार्यालय, ईटहरी र त्यस अन्तर्गतका आङ्गिक शिक्षालय कोशी प्रदेश सरकार मातहत ल्याउन नेपाल सरकार समक्ष अनुरोध गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

सम्वत् २०८० साल पुस १ गते बसेको मन्त्रिपरिषद्का बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः योगमाया विश्वविद्यालय परिषद्को सदस्यमा अनुसूची-१ बमोजिम मनोनयन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल सरकारको मिति २०८०/०८/२१ को निर्णयानुसार कोशी प्रदेशमा समायोजन भएका नेपाल वन सेवा, जनरल फरेष्ट्रि समूह, राजपत्र अनंकित द्वितीय श्रेणीका ७४ (चौहत्तर) जना फरेष्टरहरुको समायोजन पदस्थापन सम्बन्धी आवश्यक कारवाही गर्न पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशलाई जिम्मेवारी तोक्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सरकारको प्रमुख सचिवको जिम्मेवारीमा मिति २०७९/१२/२० गते देखि कार्यरत रहनु भएका डा. दिपक काफ्लेको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/०८/२८ को निर्णयानुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिवमा सरुवा भएकोले निजले प्रमुख सचिवको भूमिकामा कुशलतापूर्वक कार्यसम्पादन गर्नु भएकोमा धन्यवाद् ज्ञापन गर्दै आगामी कार्यकाल अझ सफल बनोस भनी शुभकामना व्यक्त गर्ने।

४. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० स्वीकृत गर्ने।